# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# एघारौं बैठक

आज मिति २०७४।११।२९ गते मंगलवार विहान ११:०० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको एघारौ बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा वसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष- १

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष- २

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष- ३

श्री भोज ब. खत्री, वडाध्यक्ष- ४

श्री मोहित चौधरी, वडाध्यक्ष- ५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष- ६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष- ७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष- ८

श्री प्रभु नाथ प्रसाद चौधरी, वडाध्यक्ष- ९

श्री सरोज कुमार राउत, वडाध्यक्ष- १०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष- ११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष- १२

श्री राजेन्द्र प्रसाद सिहँ थारु, वडाध्यक्ष- १३

श्री रामशरण बर्तौला, वडाध्यक्ष- १४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

Scanned by CamScanner

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, निर्वाचित सदस्य

श्री रामदुलारी चौधरी, निर्वाचित सदस्य

श्री सुन्दर बहादुर सुनार, निर्वाचित सदस्य

श्री श्याम सुन्दर पासवान, निर्वाचित सदस्य

श्री राजकुमार महरा, निर्वाचित सदस्य

श्री अनिता देवी चौधरी, निर्वाचित सदस्य

श्री सुभद्रा न्यौपाने, निर्वाचित सदस्य

श्री कमल चौधरी, निर्वाचित सदस्य

श्री राम कृष्ण उप्रेती – सचिव

**अन्य उपस्थिती**

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा, ना.सु.

Scanned by CamScanner

छलफलका बिषयहरुः

१. रिपोर्टिङ तथा कार्य प्रगति सम्बन्धमा ।

२. दोश्रो नगरसभा (विधेयक अधिबेसन) सम्बन्धमा ।

३. अर्वान ईन्फ्रास्ट्रक्चर इनभेष्टमेन्ट प्रोग्राम सम्बन्धमा ।

४. खुला दिशा मुक्त कार्यक्रम सम्बन्धमा ।

५. बिबिध ।

निर्णयहरुः

निर्णय नम्बर (१) प्रस्ताब नम्बर १ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्रसाद पौडेल र प्रमुख प्रशासकिय अधिकृत श्री रामकृष्ण उप्रेतीबाट उपमहानगरका समग्र गतिबिधी प्रशासनिक काम तथा योजना सञ्चालनको हाल सम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्बर (२) प्रस्ताब नम्बर २ सम्बन्धमा छलफल गर्दा नेपालको संबिधान र स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको ब्यवस्था बमोजिम यस जीतपुरसिमरा उपमहानगरपालिकाले विभिन्न ऐन कानुन कार्यविधि तर्जुमाका लागी दोश्रो नगरसभा ( बिधेयक सभा ) मिति २०७४ साल चैत्र २३ गते गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (३) प्रस्ताब नम्बर ३ सम्बन्धमा छलफल गर्दा शहरी विकास तथा भवन निर्माण विभागको सहरी पूर्वाधार लगानी आयोजना (UIIP) को लागी चीनमा रहेको एसियन ईन्फ्रास्ट्रक्चर ईनभेष्टमेन्ट बैंक (AIIB) को आर्थिक सहयोगमा देश भरिका सात वटा नगरपालिका मध्ये यस जीतपुरसिमरा उपमहानगरपालिका पनि छनौटमा परेको हुँदा सहरी विकास तथा भवन निर्माण बिभाग र एसियन ईन्फ्रास्ट्रक्चर ईनभेष्टमेन्ट बैंकलाई धन्यबाद दिदै उक्त आयोजना जनसंख्या, जनघनत्व, करिडोर बिकास, नगरपालिकाको क्षमता बिकास र हाल संचालनमा रहेका नेपाल सरकार तथा विभिन्न दातृ राष्ट्रहरुको आयोजनाहरु लगायत अन्य आधारहरुको परिधिभित्र रहि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (४) प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नम्बर १, २, ३, ४ साबिक पिपरा सिमरा गाउँ बिकास समित र वडा नम्बर २१ र २२ साबिक अमलेखगंज गाविसमा खुला दिशा मुक्त घोषणा भई सकेको र बाँकी वडाहरुको हकमा खुला दिशा मुक्त कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गरी नगरपालिकालाई नै खुला दिशा मुक्त घोषणा गर्ने अभियान तर्फ अग्रसर हुने निर्णय गरियो ।

निर्णय नम्बर ५ (क) प्रस्ताव नम्बर ५ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकामा सवारी साधन खरिदका लागी भएको बोलपत्रमा रीतपुर्वक आएको बोलपत्रमा टिपर (७.५ घनमिटर) को मुल्य३८ लाख ९५ हजार ( भ्याट सहित) र दुईवटा टिपर (५ घनमिटर)

Scanned by CamScanner

को मुल्य ५५ लाख ९० हजार ( भ्याट सहित) , स्करपियोको मुल्य ४९ लाख ६० हजार (भ्याट सहित) र ग्रेडरको मुल्य १ करोड १९ लाख (भ्याट सहित) गरेर जम्मा मुल्य २ करोड ६३ लाख ४५ हजार रहेकोमा ६३ लाख ४५ हजार रकम अपुग भएकोले नगरसभाबाट अनुमोदन गराउने गरी समपुरक कोषबाट बजेट थप गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५ (ख) यस जीतपुरसिमरा उपमहानगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत सूचना प्रबिधि अधिकृतको बिज्ञापन भएकोमा छनौट तथा सिफारिस समितिको सिफारिसको आधारमा सूचना प्रबिधि अधिकृतको रुपमा बिदुर प्रसाद भुर्तेललाई सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५(ग) यस जीतपुरसिमरा उपमहानगरपालिका भित्र किसानहरुको मकैको घोगा मात्र रहेको र मकै नफलेकोले पिडित किसानहरुको वडा स्तरबाट तथ्याङ्क संकलन गरी क्षतिपुर्ति रकम उपलब्ध गराउन नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५(घ) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत यस जीतपुरसिमरा उपमहानगरपालिकाले तरकारी खेतीलाई पकेट क्षेत्रको रुपमा छनौट गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५(ङ) इलाका प्रहरी कार्यालय सिमरा बारामा मिति २०७४।११।२८ गते भएको घटनमा यस जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष श्री कैमुद्धिन अंसारीमाथी प्रहरी द्वारा भएको कुटपिट घटना प्रति खेद प्रकट गर्दै उक्त कार्यको यथार्थ छानबिन गरी दोषीमाथी कारवाहीका लागी जिल्ला प्रशासन कार्यालय बारामा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner